## मिति २०८०/०९/२८ गतेको कार्य पालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- १११

## बैठकका प्रस्तावहरु

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. म.ले.प.को प्रतिवेदन उपर छलफल सम्वन्धमा।

३. वाणगंगा नदी आय व्यवस्थापन सम्वन्धमा।

४. समसामायिक विविध।

### निर्णयहरु

१ मिति २०८०/०७/२९ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।

१ गत आ.व.२०७९/८०मा यस कार्यालयवाट सम्पन्न गरिएको योजना तथा कार्यक्रमहरुको अन्तिम लेखापरिक्षणको क्रममा औल्याइएका वेरुजुहरु समयमा नै फर्छयौट गर्न सम्वन्धित व्यक्ति, निकाय तथा फर्मलाई निर्देशन दिने निर्णय गरियो।

२ कपिलवस्तु नगरपालिका अन्तर्गत वाणगंगा खोलाका विभिन्न ६ वटा नाकाहरुबाट नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रि वितरणको लागि स्वीकृत IEE प्रतिवेदन अनुसार बुद्दिभूमि नगरपालिका सँग भएको समझदारीको आधारमा उक्त पालिकाको परिमाणलाई समेत थप गरी ढुंगा गिट्टी वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ बमोजिम यस पालिकाको कुश्मा र जलैंया नाकाको Quantity जोडेर एकमुष्ठ ठेक्का लगाउने निर्णय गरियो।

### समसामायिक विविध

१. चालु आ.व.२०८०/०८१को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा कार्यालयहरुवाट प्राप्त वेरोजगार व्याक्तिहरुको सूचि स्विकृत गर्ने निर्णय गरियो।

२. यस कपिलवस्तु न.पा.अन्तर्गत स्वास्थ्य संस्थाहरुवाट PNC visit गर्दा रु ४००।- (रु चार सय) को दरले हुन आउने रकम सम्वन्धित Nursing Staff (चालु आ.व.मा) लाई भुक्तानि गर्ने निर्णय गरियो।

३. नगर शिक्षा समितिद्वारा गरिएका निर्णयहरु अनुमोदन गरियो।

४. श्री श्याम आधारभूत विद्यालय क.व.न.पा.११ को मिति २०८०/०९/०८ च.नं.२५ पत्रानुसार उक्त विद्यालयमा कक्षा ३ मा अध्ययनरत विद्यार्थी रोहित कोहारको विद्यालय खेल मैदानमा दुर्घटना भई दाँया खुट्टा भाँचिएको हुँदा र निजको आर्थिक अवस्था कमजोर भएकोले निजको उपचार स्वरुप रु २०,०००। (अक्षेरुपि रु बिस हजार मात्र)सम्वन्धित कोषबाट उपलव्ध गराउने निर्णय गरियो।

५. यस कपिलवस्तु नगरपालिका क्षेत्र भित्र रहेका छाडाचौपाया व्यवस्थापनको लागि यस नगरपालिकाका वडा नं.०३ वडा अध्यक्ष श्री रुद्र बहादुर गैरेको संयोजकत्वमा तपसिल बमोजिमका पदाधिकारीहरु हुने गरि छाडाचौपाया व्यवस्थापन समिति निर्माण गर्ने निर्णय गरियो।

**तपसिल**

| | | |
|---|---|---|
| श्री रुद्र बहादुर गैरे | वडा नं. ०३ अध्यक्ष | संयोजक |
| श्री मो.जाहिद खा | वडा नं.०१ अध्यक्ष | सदस्य |
| श्री अशोक कुमार गुप्ता | वडा नं.०२ अध्यक्ष | सदस्य |
| श्री रवेन्द्र प्रसाद तिवारी | वडा नं.०४ अध्यक्ष | सदस्य |
| श्री शिव कुमार पाण्डेय | वडा नं.०८ अध्यक्ष | सदस्य |
| श्री केशव प्रसाद हरिजन | पशु चिकित्सक | सदस्य सचिव |

प्रमुख प्रशासकीय अधिकृत